


# बदलिएको देश / बदल्नुपर्ने काँग्रेस
# सद्भाव, सुशासन र समुन्नतिको नवीन यात्रा

विश्वप्रकाश शर्मा
महामन्त्री




**बदलिएको देश / बदल्नुपर्ने काँग्रेस**
**सद्भाव, सुशासन र समुन्नतिको नवीन यात्रा**

विश्वप्रकाश शर्मा
महामन्त्री

**बन्द सत्रको श्रद्देय सभापति ज्यु**

दोस्रो विशेष महाधिवेशनको बन्दसत्रमा सहभागी प्रतिनिधि साथीहरूमा न्यानो स्वागत सहित...

इतिहासमा दोस्रोपटक नेपाली काँग्रेसको विशेष महाधिवेशन हुँदैछ। पहिलो बिशेष महाधिवेशनले नेपाली काँग्रेसलाई त्यो समयको सही मार्गमा अघि बढ्न दूरदृष्टि र दृढ इच्छाशक्ति दिएको थियो। दोस्रो बिशेष महाधिवेशन भिन्न राष्ट्रिय परिस्थिति र भिन्न आन्तरिक अवस्थाको बीचमा हुँदैछ। यसले एकातर्फ पार्टीभित्र नवीन आत्मविश्वास भर्नेछ, अर्कातर्फ समाजमा नवीन विश्वास जागृत गर्न सकारात्मक सन्देश प्रवाह गर्नुछ। विश्वास र आत्मविश्वासको यो अठोट र अभियान नै आजको हाम्रो प्रधान कार्यभार हो।

## श्रद्धा र सम्मान

यो ऐतिहासिक घडीमा हामी सर्वप्रथम जननायक वीपी कोइरालालाई श्रद्धापुर्वक स्मरण गर्न चाहन्छौं- जसले दिएको विचार आज नेपाली राजनीतिको मुल बाटो बन्न पुगेको छ। त्यो बाटोलाई स्थापित गर्न समयको अनेक कालखण्डमा देश र कांग्रेसको नेतृत्व गर्नु हुने अग्रजहरू, संघर्षको कैयन मोडमा सहादत प्राप्त गरेका योद्धाहरू अनि गाउँ-गाउँमा कांग्रेस जगाउने, जोगाउने र जीवन्त राख्नु हुने पार्टीका हजारौं पूराना अग्रज र सदस्यप्रति श्रद्धा र सम्मान व्यक्त गर्दछौं। स्वदेश र बिदेशमा रहेका लाखौं नौजवान आज देश निर्माणको गति बढाउनुपर्ने हुटहुटीमा छन्, कोहि काँग्रेसमा होलान् कोहि अन्य दलमा या दलभन्दा निरपेक्ष हामी ती सबैको उर्जा र जोडलाई कदर गर्दछौं।

द्वन्द्वको कालखण्डमा परिवारजन गुमाउने, सम्पत्ति गुमाउने, स्वयं घाइते बन्ने हाम्रो पार्टीका हजारौं साथीहरू, अन्य दलमा आस्था राख्नेहरु अनि द्वन्द्व प्रभावित सुरक्षाकर्मी र तिनको परिवारजन समेतलाई यो घडी हामी स्मरण गर्दछौं। अबको नेपालले विगतका सबै तितानमिठा स्मृतिलाई सँगालेर समुन्नति र खुशीको संकल्प गर्नुछ।

## बदलिनेले बदल्न सक्छ

समुन्नति र खुशीको संकल्पका लागि नागरिकले रुपान्तरण सहितको काँग्रेस प्रतीक्षा गरेका छन्। हामी जान्दछौं- पार्टीको ड्राइभिङ सिटको छेउमा रहेका कारण हाम्रो भागमा पनि असफलताको अंश लाग्छ। त्यसलाई स्वीकार गरेरै हामीले भनेका हौँ - अब पुरानै ढंगले जान सकिन्न, नयाँ परिस्थिति विकास गर्न, मनस्थिति नयाँ बनाएर सोचौं। अंग्रेजीमा भनिन्छ You can't create a new future with old habits निश्चय नै पुरानै आनीबानीले चलेर नयाँ भविश्य निर्माण गर्न सकिन्न।

बिशेष महाधिवेशनको मंचमा उभिएर आउनोस् नेपाल देशको समुन्नतिका लागि केही नवीन

संकल्प गरौं। संकल्प गरौं असन्तुष्टि र निराशासँग जुधिरहेको देशलाई हामी नवीन आशा र नवीन विश्वासमा लिएर जान्छौं। संकल्प गरौं देशलाई मनोवैज्ञानिक द्वन्दको सुरुङ्गबाट निकालेर सद् भावको खुला आकाशमा ल्याउँछौं। संकल्प गरौं देशलाई शासन मात्रै होईन सुशासन दिनेछौं। यी सबै संकल्प सफल बनाउन शुरुआत हामी सबैको साझा आत्मालोचनाबाट गरौं अनि समग्रमा नेपाली काँग्रेसलाई नवीन बनाउने संकल्प गरौं। हामीले नयाँ यात्राको प्रारम्भ संकल्पको यह ी बिन्दुबाट गर्नुछ।

हामी जान्दछौं जो बदलिन सक्छ, उसैले बदल्न सक्छ। देशको समयलाई कुनै बेला काँग्रेसले आफू अनुकुल बदलेको थियो, आज बदलिएको समय अनुकुल काँग्रेसले आफुलाई बदल्नुछ।

## पुनर्निर्माण र पुनःपहिचान
[Rebuilding / Rebranding]

कतिपयलाई लाग्न सक्छ हामी पूरै ठिकठाक चलिरहेका थियौं र छौं अनि देश पनि हाम्रो नेतृत्वमा ठिकठाक नै चलिरहेको थियो तर यथार्थ त्यस्तो थिएन। यथार्थमा न हामी ठिकसँग चलिरहेका थियौं न देश। दुई ठुला दल मिलेर सरकार बनाउँदा पनि नागरिकमा आशा र विश्वास जगाउन हामी असफल भएकै हौं। विश्वास जगाउन हामीले सकेको भए बिद्रोह जगाउन कसैले सक्ने थिएन। भदौ २३ र २४ मा मुलुकमा जुन बिद्रोह भयो त्यसले मुलुकका सबै थरीलाई अस्विकार गरेको थियो। अस्वीकार गर्ने कोही GenZ अन्तरीक्षबाट आएका थिएनन्, हाम्रै काखमा हुर्किएकाले हामीलाई अस्वीकार गरेका थिए। तिनले हामीलाई स्वीकार तब गर्नेछन् छन् जब हामी आफ्नो पुनर्निर्माणलाई स्वीकार गर्नेछौं। हामीले पार्टीलाई तिनको नजरले सहज ग्रहण गर्ने गरी रिब्रान्डिङ गर्नुछ।

हामीले पार्टीलाई रिब्रान्डिङ गरिरहँदा हृदयमा एउटा मन्त्र आत्मसात गर्न जरुरी छ। पुरानो भावनाको काँग्रेस / नवीन संभावनाको काँग्रेस त्यही नाम, त्यही झन्डा, त्यही चुनाव चिन्ह, तर त्यही निरन्तरतामा नवीनता। शाब्दिक होइन, साँचो अर्थमा नवीनता।

**यहाँनेर म विद्वान् चिन्तक सिके प्रसाईंको शब्द उधृत गर्न चाहन्छु–**

जो हामीसँग असहमत छ, उसलाई हामी विरोधीमा गणना गर्छौं, यो विल्कुल गलत कुरा हो। उहाँले भन्नुभएको वाक्यमा थोरै थपौ- समर्थन हामीले विचारलाई होईन, विचार समुहलाई गऱ्यौं। विमती हामीले तर्कसँग होईन, व्यक्तिसँग राख्यौं।सुझाव र विरोध दुई फरक कुरा हुन् भन्ने तथ्य गहिरोसँग आत्मसात गरेनौं। नेतृत्वलाई छाँया जस्तो भरोसा मात्रै होइन, ऐनाजस्तो स्पष्टसाथ पनि चाहिन्छ। यो नगर्दा न नेतृत्वको हित हुन्छ न पार्टीको। यो समग्र स्विकारोक्ती साथ हामीले नयाँ यात्रा शुरु गर्नुछ।

राजनैतिक दल भन्नु भिन्नभिन्न स्वभाव, समुदाय, योग्यता र प्रयासहरुको संमिश्रण हो। हामीले एकलाई सुन्दै गर्दा, अर्कोलाई पनि उत्तिकै सुन्न र समेट्न जरुरी हुन्छ। पटकपटक सत्तामा गएर बस्दा सँगसँगै नभएको जस्तो अमिलो अनुभूति पखाल्नु छ। गाउँगाउँमा पार्टी जोगाएर बसेका साथीहरू, प्रवासमा रहेर पनि देश, लोकतन्त्र र पार्टीको चिन्ता गरिरहेका साथीहरूको विश्वासलाई बलियो बनाउनु छ। तब काँग्रेसको रिबिल्डिङ र रिब्रान्डिङ दुवै हुनेछ।

## GenZ प्रदर्शनलाई सम्बोधन

फेरि दोहोऱ्याउँ - GenZ कहीं अन्तरीक्षबाट आएका थिएनन्, उनीहरु हाम्रै काखमा हुर्किएका हाम्रै परिवारका सदस्य थिए। लोकतान्त्रिक प्रणालीका विरुद्ध होइन, प्रणाली भित्रको खराबीका विरुद्ध थिए। सुशासनका पक्षमा थिए। निराशा विरुद्धमा नवीन आशाको खोजीमा थिए।

समयमै तिनको स्वर आत्मसाथ गरेर मुलुकमा अनपेक्षित घटना हुन नदिन राज्यबाट दूरदर्शिता प्रस्तुत हुन नसक्दा कयौंले जीवन गुमाए अनि मुलुकले ध्वंस भोग्नुपऱ्यो। राज्यबाट भदौ २३ र २४ को घटनामा जीवन गुमाएका सबैप्रति श्रद्धाञ्जली व्यक्त गर्दै सबै परिवारजनमा हामी गहिरो समवेदना व्यक्त गर्दछौं।

## बिद्रोह अघि र पछिका दुई प्रश्न

देशमा फेरि पनि रगत बग्यो, अबोध युवाहरू मारिए, करोडौं मन जले, खर्बौंको धन जले, सबै भन्दा ठूलो विश्वास जल्यो। एकापसको भरोसा जल्यो। यस्तो बेला हामीले आफुले आफैंलाई सोध्नुपर्ने दुई यक्ष प्रश्न छ।

१) नागरिकले मत दिएर नेपाली काँग्रेसलाई सबैभन्दा ठूलो दल बनाए, भरोसा र विश्वास गरे, तर हामीले तिनै नागरिकको चरम असन्तुष्टिलाई समयमै चिन्न र चिर्न किन सकेनौं ?

२) यो विषम परिस्थिति सम्हाल्दै देशलाई नयाँ मोडमा लैजान वस्तुगत आत्मसमिक्षा गर्दै नवीन मनोबिज्ञान र नवीन इच्छाशक्तिले अघि बढ्न हामी सक्छौं कि सक्दैनौं ?

देशमा यस्तो स्थिति भविष्यमा दोहोरिन नदिन दूरगामी सोच र विश्वसनीय मार्गचित्र जरुरी छ। त्यसका लागि एकातर्फ हामीमा संयम र परिपक्वता जरुरी छ अर्कातर्फ बिद्रोहका पछिल्तिर रहेको नागरिक असन्तुष्टिको केस्रा-केस्रा केलाउन जरुरी छ।

## असन्तुष्टिका केही कारण केलाऔं

१) हामीले राजनैतिक, आर्थिक, प्रशासनिक, सामाजिक या कुनै पनि प्रश्नमा लगातार जे उत्तर पस्किरहेका थियौं त्यसले नागरिक पंक्तिलाई छुन सकिरहेको थिएन। केहीबर्ष यता नेपाल श्रीलंका बन्ने आर्थिक मन्दीको त्रास र मनोबैज्ञानिक दबाब चलिरहेको थियो। व्यवसायी खासगरी साना व्यवसायी हतोत्साहित बनिरहेका थिए। इलामका प्रेम आचार्यले संसद भवन

अघि गरेको आत्मदाह चरम निराशाको आत्मबिद्रोह थियो ।

२) हामीले मापन गर्ने गरेको आर्थिक वृद्धि दर उसैपनि कमजोर छँदै थियो, जागिरको तलबले धान्न नसक्ने बजार मूल्यका सामु, जागीरको खोजीमा भौंतारिरहेको बेरोजगार युवाको अवस्था झन् कस्तो थियो अनुमान गर्न सकिन्छ। जसले सुनिरह्यो - भ्रष्टाचारका प्रकरण। जसले देखि रह्यो -भौतिक पुर्वाधार निर्माणको ढिलाइ । जसले भोगिरह्यो- प्रशासनिक झन्झट। निश्चय नै उ हामीसँग खुशी थिएन।

३) बितेको ३४ बर्षमा देशमा ३० पटक सरकार परिवर्तन भयो। यो आफैंमा हाम्रो अयोग्यता, चरम अस्थिरता र लज्जास्पद तथ्यांक हो । हामीले सोच्यौं- सरकार परिवर्तनको प्रत्येक मोडले आशा जगायो होला तर लामो अस्थिरताले आशा होईन क्रमशः निराशामा धकेल्यो देशलाई।

४) सरकार बदलिए पनि नीतिगत स्थिरता छ, अत समुन्नतिको यात्रालाई असर पर्ने छैन भन्न मिल्ने अवस्था पनि हामीले बनाएनौं । जुन देशमा विकासको प्राथमिकता बदलिइ रहन्छ, या लहडमा योजना बनाइन्छन् या भत्काइन्छन् या राजनैतिक लाभको कोणबाट बजेट विनियोजन गरिन्छ। स्वभाविक छ त्यस्तो देश प्रगतिको अपेक्षित गतिमा अघि बढ्न सक्दैन।

५) यद्यपि अस्थिरताका बिच पनि बितेको ३० बर्षमा शिक्षा, स्वास्थ, संचार र भौतिक पूर्वाधारको क्षेत्रमा अनेकन काम भएका थिए। निजी क्षेत्रको ब्यापक बिस्तार हाम्रै नीतिको सहउत्पादन थियो। तर भ्रष्टाचारका अनेकन प्रकरणको चर्चा र सुशासनको अभावका कारण जेजति प्रगतिका काम भएका थिए ती सबै ओझेलमा परे।

६) संघीयतामा गयौं तर प्रदेशलाई दिनुपर्ने अधिकार हस्तान्तरण गर्न ढिलाइमाथि ढिलाइ गरेर हामीले प्रदेश सरकारहरुलाई अपेक्षित रुपले सबल र सफल हुन सघाएनौं । सिंहदरबारसँग खुशी र सन्तुष्ट स्वयं मुख्यमन्त्रीहरु थिएनन् तर हामी भने दुरदराजका नागरिक पनि हामीसँग खुशी छन् भन्ने भ्रममा रह्यौं ।

७) खेतीको समयमा किसानले सन्चले मल नपाउँदा, भुक्तानी माग्दै उखु किसान काठमाडौ धाउनुपर्दा, खेतको डिलमा उभिएर कुनै पनि किसानले सरकार जिन्दावाद भन्दै-भन्दैन ! राज्यले तोकेको न्युनतम ज्याला पाउन पनि पटकपटक दबाब दिनुपर्दा कुनै श्रमिकले खुशीको गीत गाउन कसरी सक्छ ? प्रशासनिक कार्यालयमा घन्टौं उभिएको सेवाग्राहीले झन्झट भोगेपछि सरकार र सरकारमा रहेको दलको प्रशंसा कसरी गर्नसक्छ ?

८) शिक्षा र स्वास्थ नागरिकलाई निशुल्क उपलब्ध गराउने आर्थिक क्षमतामा देश निश्चय नै पुगेको छैन, तर नागरिक स्वास्थका लागि ल्याइएको बीमा कार्यक्रमले आशा जगाइरहँदा त्यसलाई अपेक्षित गतिमा सफल बनाउन सकिएन। उपचारको महंगो खर्च ब्यहोर्न' परेको नागरिकले सरकार या दललाई यसबीचमा निश्चय नै धन्यवाद दिएन, आलोचना नै गऱ्यो।

९) हामीले विश्वविद्यालयहरुको नेतृत्व चयन गर्न कुनै मर्यादित बिधिको विकास यो ३० बर्षमा गरेनौं । भागबन्डाको सजिलो फर्मु'ला छँदै थियो विश्वविद्यालय पनि अनि अस्पतालको नेतृत्वसम्म पनि। उपयुक्त व्यक्तिको चयन हुँदा पनि भागबन्डामा परेर नियुक्त भएको सन्देश जाने बित्तिकै मेरिटोक्रेसी स्थापित नगरेको दोष हामीले भोग्नुपऱ्यो अनि नकारात्मक छविले आकार लियो।

१०) नेपालको समुन्नतिका लागि संसारसँग परिपक्व कुटनैतिक र ब्यवसायिक सम्बन्ध स्थापित गर्ने हाम्रो माध्यम हाम्रा राजदुतहरु थिए । तर कुटनैतिक सेवामा सुयोग्य व्यक्तित्व कयौं हुँदाहुँदै हामीले राजदुत नियुक्तिमा पनि भागबन्डामा गऱ्यौं। कतिपय छनौट उपयुक्त नै थिए, तर मूलत यसले हाम्रो विधि उपर प्रश्न उठिरह्यो र नागरिक पंक्तिमा नकारात्मक छवि बढाउन योगदान पुऱ्यायो।

११) यसो फर्किएर हेरौं त- राजनीतिकरणले ग्रस्त हुन बाँकी कुन क्षेत्र थियो ? नागरिक आजित थिए कि थिएनन् यसबाट ? हरेक क्षेत्रको आफ्नै मर्यादा, आफ्नै अलग पहिचान, आफ्नै अलग व्यवसायिक मनोबिज्ञान हुन्छ भन्ने गहिरो वास्तविकता बुझ्न हामीले किन चाहेनौ ? किन हरेक ठाउँमा हामीलाई आफ्ना मान्छे चाहिए ? यसले दिने दुष्परिणाम अनुमान नगर्नु हाम्रो गम्भीर भूल थियो।

१२) शिक्षा विधेयक लामो प्रतीक्षापछि संसदमा आयो तर त्यसलाई निष्कर्षमा पुऱ्याउन नसक्दा त्यसले शिक्षक र बिधालय कर्मचारीमा असन्तुष्टि जारी राख्यो। परिवर्तित समय अनुरुपको शिक्षा विधेयक जारी गराउन शिक्षकहरूले पटकपटक आन्दोलन गर्नुपर्ने स्थिति आफैंमा दुःखद थियो।

१३) हाम्रा कतिपय ब्यवहारले नागरिकको असन्तुष्टिको आगोमा क्रमशः चरु हालिरहेका थिए। महिना दिनमा मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक हुनुनपर्ने, बजेट निर्माण गर्दा अमुक-अमुक क्षेत्रमा रकम लग्न अर्घेल्याई गरियो भन्ने खबर आउने, सुशासन स्थापित गर्ने जिम्मा बोकेको मन्त्रीले नै त्यसमा आघात पुऱ्याउने । सम्झौं त- GenZ प्रदर्सनको दुईदिन अघि एक मन्त्रीको मोटरले एक बालिकालाई ठक्कर दिएर भागेको घटना के सभ्य समाज सुहाउँदो बिषय थियो ? विल्कुलै थिएन।

१४) सामाजिक संजाल विधेयक सत्ता गठबन्धनमा सहमति बेगर सरकारले दर्ता गरेको थियो। त्यसप्रति बिशेषत युवाहरूमा रोष छँदै थियो, संजालहरु नेपालमा दर्ता गर्न यसकारण अनिवार्य जरुरी छ भन्ने न्यारेटिभ विकास नगरि बन्द गर्दा र त्यसले उत्पन्न गर्ने प्रतिक्रियाले गम्भीर दुष्परिणाम ल्याउन सक्छ भन्ने आकलन गर्न नसक्दा अन्ततः त्यसले देशलाई GenZ

बिद्रोहमा पुऱ्यायो ।

१५) तत्कालिन मुख्य कारण सामाजिक संजाल बन्द देखिए पनि यो बिद्रोहका पछिल्तिर थुप्रै राजनैतिक, आर्थिक, सामाजिक कारण थिए । असन्तुष्टि र निराशाको मैदानमा घुसपैठ गरेर त्यसलाई ध्वंसमा पुऱ्याउनेहरुले त मौकाको उपयोग गरे नै तर मानवीय क्षती बेगर भिड व्यवस्थापन गर्ने चुस्त र प्रबल रणनीति राज्य संयन्त्रबाट फेरि पनि प्रस्तुत भएन, यो दुर्बल र दुःखद चित्रको चिरफार जरुरी छ ।

१६) समग्रमा भदौ २३ र २४ को समिक्षा पुर्वाग्रहमुक्त भएर आत्मालोचित मनोबिज्ञानले गर्न जरुरी छ । नागरिकमा रहेको प्रश्न, असन्तुष्टि र निराशाको एकएक कारण पहिचान नगरी हामी सतही विश्लेषण मार्फत कस्तै औषधिले पनि दीर्घकालीन उपचार गर्न सक्ने छैनौं ।

## GenZ ले गर्नुपर्ने आत्मसमिक्षा

०४२ सालमा नेपाली काँग्रेसले सत्याग्रह गरिरहँदा कतिपय ठाउँमा बम बिस्फोट भएपछि पार्टीले सम्पुर्ण सत्याग्रह स्थगित गरेको थियो । इतिहासको त्यो एक उच्चतम नैतिक प्रस्तुति थियो । आजको मितिमा GenZ प्रदर्सनकारीले आफ्नो प्रदर्सनको आत्मसमिक्षा गरेर त्यति मात्रै जिम्मेवारी आफ्नो भागमा लिनुपर्छ जति तिनको आह्वान, संलग्नता र कर्म हो ।

भदौ २३ गतेको घटनाका दोषी उपर कार्वाही हुनुपर्छ भनिरहँदा त्यो विल्कुल सही छ । अत्यधिक बल प्रयोग मार्फत होनहार युवाहरूको जिवनको समाप्ति इतिहासकै गम्भीर घटना थियो । सँगैमा २४ गते राष्ट्रब्यापी रुपमा भएको ध्वंसको घटनालाई अलग छुट्याउन, त्यसको निष्पक्ष र वस्तुगत छानबिन गर्न र दोषीलाई कार्वाहीको दायरामा ल्याउन GenZ युवाहरुकै बिशेष माग बन्नुपर्छ र यसलाई जाँचबुझ आयोग मार्फत निष्पक्ष निरुपण गरिनु उचित हुन्छ । यसो गरेर भविष्यमा त्यो ध्वंसको धब्बा आफुहरुको शिरमा लाग्न नदिन GenZ प्रदर्शनका सबै अगुवा र प्रत्येक GenZ युवा सजग हुन जरुरी छ ।

कसैले भदौ २४ को आगजनीको कुरा गर्ने २३ गते अबोध युवाहरू मारिएको घटनालाई दोस्रो प्राथमिकता राख्ने, कसैले भदौ २३ को घटना सम्झिने तर २४ गतेको ध्वंसलाई बिर्सने । यो प्रवृत्तिले हामीलाई फेरि द्वन्द्वमा धकेल्न सक्छ । अत भदौ २३ र २४ दुवै दिनको घटनाको निष्पक्ष अनुसन्धान र कार्वाहीको बिषयमा हामी सबैथरि स्पष्ट रुपले प्रतिबद्ध रहेर प्रक्रियालाई इमानदार ढंगले सघाउनु पर्दछ ।

## सिद्धान्तमा अटल, एजेन्डामा लचकता

लोकतान्त्रिक पद्धतिको मुल बाटोमा काँग्रेसले कहिल्यै पनि कसैसँग सम्झौता गरेन र गर्दैन । देशको समयलाई आफ्नो सिद्धान्त अनुकुल बदलेको मात्रै छैन, आफुलाई पनि निरन्तर समयानुकूल बदल्दै आएको छ । लोकतान्त्रिक मुल्य मान्यताको सिद्धान्तमा काँग्रेस दृढ र अटल थियो, अटल रहनेछ तर एजेन्डाहरु जो भिन्न कालखण्डमा भिन्न हुन्छन् या हुन सक्छन् तिनलाई उचित समन्वय गर्ने र स्वामित्व लिएर निष्कर्षमा पुऱ्याउने लचकता एवं जिम्मेवारीपुर्ण भूमिका पनि नेपाली काँग्रेसले सदैब निर्वाह गर्दै आएको छ ।

तत्कालिन समय र समाजको सर्वोत्तम समन्वय गर्ने सामर्थ्य सदैब काँग्रेसले प्रस्तुत गरेको छ । यसका अनेक दृष्टान्त स्मरण गर्दै हामीले इतिहासमा एकपटक फेरि लचकताका साथ समन्वयको उच्चतम क्षमता प्रस्तुत गरेर सद्भाव, सुशासन र समुन्नतिको संकल्प अघि बढाउनु छ । आजको नेपालको प्रधान ३ एजेन्डा यिनै हुन् । नेपाली काँग्रेसको बिशेष महाधिवेशनले यिनै ३ एजेन्डाको आलोकमा आगामी राजनीतिको कार्यदिशा तय गर्नुछ र आगामी नेपालको सुन्दर मार्गचित्र कोर्नेछ ।

०६२/६३ को जनान्दोलन र मधेस आन्दोलनले स्थापित गरेका उपलब्धिलाई कुनै असर नगरी त्यसलाई अझ समुन्नत बनाउनेतर्फ एकातर्फ हामीले हेक्का राख्न जरुरी छ । अर्को तर्फ पछिल्लो प्रदर्शनको भावनालाई सम्बोधन गर्नुछ । पछिल्लोलाई सम्बोधन गर्दा अघिल्लो आन्दोलनले खडा गरेका स्तम्भहरु भत्कायौं भने त्यसले भोलि अर्को बिद्रोहका लागि मार्गप्रशस्त गर्नेछ, हामीले सर्वपक्षीय ध्यानाकर्षणमा पनि सजगता राख्नुछ । यद्यपि GenZ प्रदर्शनले मुलुकमा मुलत खोजेको बिषय हो सुशासन, यसमा कुनैपक्षले पनि फरक मत राख्नुपर्ने कारण छैन ।

## सद्भाव, सुशासन र समुन्नतिको संकल्प

महाधिवेशन या बिशेष महाधिवेशन स्वयं आफै ऐतिहासिक बन्दैनन् । दुरगामि दृष्टियुक्त दस्तावेज र त्यही अनुरुपको संकल्पले त्यो ऐतिहासिक बन्ने हो ।

- ०७ सालको क्रान्ति घोषणा ।
- समाजवादको लक्ष्य लिने निर्णय ।
- पंचायति व्यवस्था विरुद्ध निर्णायक आन्दोलनको उद्घोष ।
- गणतन्त्रतर्फ अघि बढ्न संवैधानिक राजसंस्था पार्टीको विधानबाट हटाउने निर्णय ।

यी यस्ता युगान्तकारी कदम हुन् जसले नेपाली कांग्रेसको ति महाधिवेशन र महासमिति बैठकलाई ऐतिहासिक बनाए । ती सबै बिषय र मुद्दा तत्कालीन नेपाली राजनीति र तत्कालीन समाजका प्रधान आवश्यकता र प्रधान मुद्दा थिए । आजको मितिमा हामीले बिशेष महाधिवेशनबाट देशका लागि सूत्रबद्द गरेर प्रस्ताव गर्ने एजेन्डा सद्भाव, सुशासन र समुन्नतिकै हो । यिनै ३ एजेन्डामा सुस्पस्ट र खरो उभिएर हामीले बिशेष महाधिवेशनको सन्देशलाई एक्यवद्ध ढंगले बिशेष बनाउनुछ र आगामी राजनीतिमा यसैलाई मुख्य आधार स्तम्भका रूपमा विकास गर्नुछ । यो नै

देशको आजको र अबको प्रधान कार्यभार र मुल बाटो हो ।

पछिल्लो कालखण्डमा नेपाली समाजमा जेजस्ता मनोबैज्ञानिक द्वन्द्व, असन्तुष्टि र छट्पटी देखिएका छन् त्यसका पछिल्तिर रहेका प्रतिनिधिमूलक कारण हामीले माथि उल्लेख गऱ्यौं । हामीले अझ गहिराईमा गएर निराशाको जरामै पुग्नुछ । त्यसको सुक्ष्म पहिचान पश्चात् त्यसलाई हल गर्ने संकल्पसाथ अबको दशकको यात्रा हामीले तय गर्नुछ ।

## सद्भाव; अग्रगतिको मनौवैज्ञानिक माध्यम

नेपाली काँग्रेसको सबैभन्दा बलियो पहिचान समन्वयको क्षमता हो । त्यो समन्वयको साझा अपनत्व हो- आपसी सद्भाव । आज अनेकन कारणले आपसी सद्भाव धर्मराएको छ, तर विशेष महाधिवेशनबाट जुर्मु'राएको काँग्रेसले धर्मराएको सद्भावलाई बल दिएर समाजमा नवीन विश्वास जागृत गराउनुछ ।

विमतिका बिच आपसी सद्भाव राख्ने र सद्भावका साथ आपसी विमतिको निदान खोज्ने । प्रतिष्पर्धालाई स्वस्थ बनाउने, लोकतान्त्रिक पद्धतिभित्र कसैले कसैलाई दुश्मन नदेख्ने, पद्धति मार्फतको जय र पराजयलाई लोकतान्त्रिक संस्कारसाथ सहज आत्मसात गर्ने । बिधी, पद्धति, कानुन र सहृदयी संस्कारको जगमा ब्यक्ति, दल र सिंगो देशको उन्नती हुने निश्चित मापदण्डमा साझा प्रतिबद्धता राख्ने, फरक मतको फरक स्वतन्त्रतालाई आत्मसात गर्ने, आपसी सद्भावको यही बिधि सबै दल, संस्थाहरू र समस्त नेपालीमा प्रस्ताव र अपील गर्दछ । हामी जान्दछौं लोकतान्त्रिक प्रणाली भनेकै फरकफरक मतका बीच साझा छहारी हो अनि यो पनि जान्दछौ की यो छहारिभित्र सबैलाई न्याय र अपनत्वको अनुभूति गराउन हामीले सक्नैपर्छ, तब मात्रै सद्भाव दीगो रहन्छ ।

## सुशासन; तब निकट बन्नेछ समुन्नति

विगतका आन्दोलनहरुले शासन प्रणाली कस्तो हुने भन्ने बिषयलाई केन्द्रमा राखेका थिए त्यस अनुरुप लोकतान्त्रिक शासन प्रणाली देशमा स्थापित छ । GenZ प्रदर्शनले त्यो प्रणालीभित्र मुख्य रूपमा सुशासन खोज्यो, नवयुवाहरुको यो उद्धोष, संकल्प र सपना हामी सबैको साझा दायित्व थियो, दायित्व हो ।

अख्तियार दुरुपयोग अनुसन्धान ऐन ०४८ मा काँग्रेसकै नेतृत्वमा देशले पाएको थियो । भ्रष्टाचार निवारण ऐन ०५९ मा र मुलुकी अपराध संहिता ०७४ मा काँग्रेस नेतृत्वकै सरकारले निर्माण गरेको थियो । कडा कानुन र बलिया निकाय बने पनि भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन, मुलुकमा अपेक्षित गतिमा सुशासन स्थापित हुन सकेको छैन ।

**सुशासनमा हामी कहाँ चुक्यौं? कसरी स्थापित गर्ने ?**

| क्र.सं. | सुशासनमा हामी कहाँ चुक्यौ | अब यसरी स्थापित गरौ सुशासन |
|---|---|---|
| १. | राज्यका हरेक निकाय तथा संस्थामा दलियकरण तथा भागवण्डाको संस्कृति हावी भयो, जसले कुशासन झाँगियो । | राज्यका कुनै पनि निकाय तथा संस्थामा हुने नियुक्तीको लागि प्रष्ट मापदण्ड बनाईनेछ । साथै उपयुक्त व्यक्तिको रोष्टर बनाउने, पब्लिक स्क्रुटिनी गर्ने, र अन्तिममा सरोकारवालाहरुसँगको सुनुवाईबाट मात्र नियुक्ती गर्ने र कतिपय निकायको हकमा लोकसेवा आयोग मार्फत खुल्ला प्रतियोगिता नियुक्तीको व्यवस्था गरिनेछ । |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नियुक्ती स्वच्छ, पारदर्शि हुन नसक्दा सुशासन स्थापनामा चुक्यौ । | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नियुक्ती गर्दा संवैधानिक परिषदले आयोगको पदाधिकारीको लागि उपयुक्त व्यक्तिको नियमित रुपमा रोष्टर बनाउने, त्यसरी तयार भएको रोष्टरमा उल्लेखित नाम उपर आमनागरिकसँग उनीहरुको विगतको नैतिक ईतिहासको बारेमा सुझाब माग गर्ने/ पब्लिक स्क्रुटिनी गर्ने, आयोगले त्यस्ता व्यक्ति उपर डिजिटल प्लेटफर्म मार्फत उनीहरुको एजेण्डा सहित नागरिकसँग अर्न्तक्रिया गर्ने मौका दिने यस्ता प्रक्रिया पार गरेको व्यक्ति मात्र नामावली सिफारिस गर्ने गरि प्रणाली विकास गरिनेछ । |

| | | |
|---|---|---|
| ३ | नियमनकारी निकायहरु जस्तै धितोपत्र बोर्ड, वीमा बोर्ड, जस्ता निकायका नियुक्ती सहि रुपमा भएन । जसले गर्दा यस्ता निकायले नियमन गर्नुपर्ने सुशासन प्रदान गर्न सकेनन् । यस्ता निकायहरु आर्थिक अनियमितताका स्रोत बन्न पुगे । | नियमनकारी निकायहरुको नियुक्ती गर्दा खुल्ला आवेदन माग गर्ने, यसरी आएका आवेदन मध्ये योग्यता पुगेका व्यक्तिको शर्टलिष्टिंग गर्ने, उनीहरुको विगतको कार्यसम्पन्न र स्वार्थको द्धन्द्धको जाँच गर्ने, त्यस्ता व्यक्तिहरुको पब्लिक स्क्रुटिनी गर्ने सबै प्रक्रिया पास गरेका व्यक्तिलाई आमनागरिकसँगको अन्र्तक्रिया पश्चात अब्बल ठहरिएका व्यक्तिलाई मात्र सिफारिस गर्ने । साथै यस्ता निकायहरुको संस्थागत क्षमता सवलीकरण र स्वायत्तता सुनिश्चित गर्नको लागि नियमनकारी निकायलाई संसद्को मातहतमा ल्याईनेछ । |
| ४ | नेपाल सरकारले बजेट विनियोजन गर्दा निश्चित प्रभावशाली नेताहरुको निर्वाचन क्षेत्रमा अन्यत्र भन्दा निकै बढी भएको प्रश्न संसदमै उठ्यो, मिडियामा आयो । | बजेट विनियोजनलाई समन्यायको सिद्धान्तको आधारमा विकट र दुर्गम क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ । |

| | | |
|---|---|---|
| ५ | सुशासनको आधार नीतिगत प्राथमिकता, प्रमाणमा आधारित निर्णय र सार्वजनिक हितको संरक्षण हो । तर नेपालमा बजेट विनियोजनको अभ्यास हेर्दा यी आधारहरू कमजोर देखिन्छन् । बुढीगण्डकी जस्तो देशको ऊर्जा सुरक्षा, औद्योगिकीकरण र दीर्घकालीन आर्थिक रूपान्तरणसँग प्रत्यक्ष जोडिएको राष्ट्रिय गौरवको परियोजना स्रोत अभावका कारण दशकौँ देखि अलपत्र छ। तर उही समयमा नजिक-नजिक दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भए, जहाँ यात्रु, उडान र आर्थिक व्यवहार्यता नै प्रश्नको घेरामा छन् । अझ गम्भीर कुरा, देशभर दुई दर्जनभन्दा बढी कालोपत्रे विमानस्थल प्रयोगविहीन छन् । | अन्तर्राष्टिय उदाहरणहरु<br>दक्षिण कोरियाले १९६०-७० को दशकमा सीमित स्रोतलाई ऊर्जा, उद्योग र पूर्वाधारमा केन्द्रित गरेको थियो । विमानस्थल, सहर र 'शोकेस परियोजना' पछि आएका हुन् ।<br>दक्षिण कोरियो यहि पहिले उत्पादनशील क्षेत्र, पछि सुविधा सूत्रले देशको तिब्र विकास गरेको थियो ।<br>नर्वेमा कुनै ठूला पूर्वाधार अघि बढाउनुअघि ऋयकत-द्यभलषष्त ब्लबथिकक्ष्क, वातावरणीय मूल्यांकन र सार्वजनिक बहस अनिवार्य हुन्छ । त्यहाँ राजनीतिक चाहनाले होइन, प्रमाणले बजेट पाउँछ ।<br>भारतमा पनि केही विमानस्थल र परियोजना सेता हात्ती बने । त्यसपछि नीति परिमार्जन गर्दै एः न्बतष क्जबपतष जस्ता कार्यक्रममार्फत योजना, बजेट र कार्यान्वयनलाई एउटै प्लेटफर्ममा बाँध्यो । यसले असफलताबाट सुधारतर्फ मोडिएको विकासको उदाहरणको रुपमा लिन सकिन्छ ।<br>अब नेपालमा सुशासन स्थापना गर्न के गर्न सकिन्छ ?<br>१. राष्ट्रिय प्राथमिकता स्पष्ट गर्ने कानुनी व्यवस्था<br>ऊर्जा, कृषि, रोजगारी र औद्योगिकीकरण जस्ता क्षेत्रलाई संविधान र कानुनमै प्राथमिक क्षेत्र घोषणा गर्ने र यस्ता परियोजनामा बजेट कटौती गर्न नपाइने व्यवस्था । |

| | | |
|---|---|---|
| | यसले आवश्यक स्थानमा स्रोत नपुग्ने, अनावश्यक र राजनीतिक रूपमा आकर्षक परियोजनामा बजेट खन्याइने र राष्ट्रिय प्राथमिकताभन्दा राजनीतिक लाभमुखी निर्णय हावी हुने अवस्था रह्यो । | २. Evidence– Based Budgeting अनिवार्य गर्ने<br>प्रत्येक ठूला परियोजनाका लागि लागत-लाभ विश्लेषण, दीर्घकालीन आर्थिक प्रभाव, सञ्चालन सम्भाव्यता, अनिवार्य गर्ने ।<br>३. 'शोकेस परियोजना' नियन्त्रण गर्ने<br>राजनीतिक प्रतिष्ठा बढाउने तर राष्ट्रलाई बोझ पार्ने परियोजनालाई संसद् र राष्ट्रिय योजना आयोगको संयुक्त स्वीकृति बिना अघि बढाउन नदिने ।<br>४. प्रयोगविहीन पूर्वाधारको पुनरावलोकन<br>प्रयोगमा नआएका विमानस्थल, भवन र संरचनाको वैकल्पिक उपयोग ।<br>निजी-सार्वजनिक सामुदायिक साझेदारी (PPCP)<br>मार्फत पुनःउपयोग गर्ने प्रणालीको विकास गर्ने ।<br>५. संसद् र नागरिक निगरानी सुदृढ गर्ने ।<br>बजेट विनियोजनमा संसदीय विषयगत समितिको वास्तविक भूमिकालाई प्रभावकारी बनाउने र नागरिक समाज र सञ्चार माध्यमको पहुँच सुनिश्चित गर्ने ।<br>६. दीर्घकालीन राष्ट्रिय परियोजनालाई दलगत सहमति<br>बुढीगण्डकी जस्ता परियोजनालाई "सरकार बदलिँदा नबदलिने परियोजना" को रुपमा राष्ट्रिय सहमतिको सूचीमा राख्ने । |

| | | |
|---|---|---|
| ६. | सुशासनको मूल आत्मा भनेको नागरिकले कानुनले दिएको अधिकार बिना डर, बिना खर्च र बिना अपमान प्राप्त गर्न सक्नु हो । तर अहिले पनि कयौं ठाउँमा नागरिकता, राहदानी, जग्गा पास, सवारी चालक अनुमति पत्र (लाईसेन्स) वा कर तिर्न जाँदा आमनागरिकले "काम सजिलै होस" भनेर घुस दिनुपर्ने बाध्यता महसुस गरिरहेका छन् । यो अवस्था आउनुका केहि कारणहरु छन् । सेवा प्रक्रियाको अनावश्यक जटिलता र ढिलासुस्ती विद्यमान छ । कर्मचारीको अत्यधिक विवेकाधिकार रहेको देखिन्छ । डिजिटल प्रणालीको कमजोर वा अपूर्ण प्रयोग रहेको छ । कारबाहीको डर नहुनु<br>सेवाग्राहीलाई रैतीको जस्तो व्यवहार गर्नु जस्ता समस्याले राज्य र नागरिकबीच विश्वासको सम्बन्ध भत्काएको छ । यसले सुशासनमा गम्भिर समस्या निम्त्याएको छ । | सन् २००४ पछि जर्जियाले ट्राफिक प्रहरी, नागरिकता, पासपोर्ट, कर सेवा सबै One–Stop Service Center बाट प्रदान गर्ने गरि प्रक्रिया छोट्यायो । यस्ता सेन्टरमा काम गर्ने कर्मचारीलाई परिवर्तन गर्यो । कर्मचारीको आमनागरिकसँग हुने प्रत्यक्ष सम्पर्क घटायो जसले गर्दा केही वर्षमै दैनिक सेवा घुसरहित बनाउन सफल भए ।<br>एस्टोनियामा नागरिकता, कर, लाइसेन्स, व्यवसाय दर्ता सबै अनलाइन मार्फत गर्ने व्यवस्था लागु गर्यो । जसले गर्दा सेवाग्राहीको कर्मचारीसँग प्रत्यक्ष भेट नै आवश्यक छैन । प्रत्येक कामको डिजिटल ट्रेलको व्यवस्था गर्यो । जहाँ सेवाग्राही र सेवाप्रदायक बीच भेट हुँदैन, त्यहाँ घुस हुँदैन भन्ने यसले देखाउँदछ ।<br>सिंगापुरले कर्मचारीलाई राम्रो तलब दिने र घुसमा शून्य सहनशीलताको नीति अख्तियार गर्यो ।<br>निश्चित समयसीमाभित्र छिटो सेवा प्रदान गर्ने नीति बनायो र कार्यान्वयन गर्यो ।<br>अब नेपालमा सुशासन स्थापना गर्न के गर्न सकिन्छ ?<br>६. सेवा प्रक्रियाको सरलीकरण गर्ने ।<br>नागरिकता, राहदानी, जग्गा पास, लाइसेन्सका प्रक्रिया न्यूनतम चरणमा सीमित गर्ने, अनावश्यक कागजात हटाउने, र स्पष्ट समयसीमा तोक्ने सार्वजनिक सेवामा मूलतः राष्टिय परिचयपत्र, नागरिकता, सीप परिक्षण गर्ने सेवाहरु, सम्पत्तिको किनबेच गर्ने जस्ता केहि अपवाद बाहेकका सम्पूर्ण सेवालाई डिजिटलाईज गर्ने र सेवाग्राही कार्यालय जानै नपर्ने प्रणालीको विकास गर्ने |
| ७ | राजनीतिक दलहरुले भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीति अबलम्बन गर्ने तर निति अनुरुप कठोर बन्न नसकेको जनगुनासो संगै दलहरुको खर्च पारदर्शिता उपर समेत प्रश्न छ । | राजनीतिक दललाई राज्यले फण्डिंग गर्ने र महालेखा परिक्षकले अन्तिम लेखा परिक्षण गर्ने व्यवस्था मिलाउने । |

**समुन्नति – भएका काम बुझाऔं / बाँकी कार्यभारमा जुटौं**

नेपालको समुन्नतिको पहिलो विधिवत जगका रुपमा विपि कोइराला प्रधानमन्त्री रहनु भएको प्रथम जननिर्वाचित सरकारले गरेका कार्यहरू स्मरण गर्नुपर्ने हुन्छ । त्यही जगमा ०४६ को परिवर्तनपछि फेरि लोकतान्त्रिक प्रणालीकै मार्गबाट शिक्षा, स्वास्थ, सडक, संचार, खानेपानी लगायतका क्षेत्रमा एक हदसम्म प्रगति भएको छ। कहिले निर्दलिय प्रणाली, कहिले राजनैतिक अस्थिरता, कहिले दसबर्ष लामो सशस्त्र द्वन्द्वको प्रतिकुलता नभएको भए मुलुक यतिबेला ०४६ पछि हालिएको समुन्नतिको दोस्रो जगमा टेकेर समुन्नत बनिसकेको हुन्थ्यो ।

एउटा तथ्य दृढ दाबीका साथ भन्न सकिन्छ, नेपालमा आज न्युनतम नै सहि जेजती आर्थिक, भौतिक या मानवीय विकास भएको छ, या काँग्रेसको नेतृत्वमा भएको छ या काँग्रेसको नितिको नेतृत्वमा भएको छ। यसो भनिरहँदा देशको समुन्नति यात्रामा भएका कमजोरी, गल्ती र ढिलाइको जवाफदेहीता लिन पनि हामी तयार हुनैपर्छ । ज्येष्ठ र जिम्मेवार दल भएका नाताले हामीले अरुलाई दोष लगाएर होइन, कमजोरीको ठूलो हिस्सा आत्मालोचना सहित आत्मसात गरेर अगाडिको यात्रा तय गर्नुछ।

**समुन्नतिको यात्रामा हाम्रा चुनौती, संभावना र अबको कदम**

यसका लागि बिधमान प्रणालीमा गर्नुपर्ने रिफर्म महामन्त्री गगन थापाको दस्तावेज मार्फत प्रस्तुत हुनेछ।

**काँग्रेसमा रुपान्तरण; शैलीमा सुधार, एजेन्डामा अग्रता**

विगतमा भएका प्राय सबै परिवर्तन नेपाली काँग्रेसको नेतृत्वमा भएका थिए, मधेस आन्दोलनले संघीयताको माग बलियो ढंगले अघि सारेपछि संवाद र समन्वय साथ संविधानमा व्यवस्थित गर्ने कार्य अन्ततः नेपाली काँग्रेसले नै गरेको थियो । तर पृष्ठभुमिमा स्मरण गरौं संघीयताको मुद्दा, कदमजमको नीति नेपाली काँग्रेस विभाजित रहेको बेला नै नेपाली काँग्रेस (प्रजातान्त्रिक) ले आफ्नो दस्तावेज मार्फत अघि बढाएको थियो। मधेस आन्दोलनले मुद्दालाई बलियो ढंगले केन्द्रमा ल्याएपछि त्यसलाई सम्बोधन गर्ने, संविधानमा अंकित गर्ने र संघीयता कार्यान्वयनको पहिलो निर्वाचन गराउने कार्य प्रधानमन्त्रीका रूपमा काँग्रेसका ३ सभापति (गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र शेरबहादुर देउवा) ले क्रमशः गर्नुभएको थियो ।

GenZ प्रदर्सनमार्फत नवयुवाले अघि सारेका मुद्दा र भावनाको सम्बोधन पनि अन्ततः काँग्रेसलेनै गर्ने इच्छाशक्ति, संकल्प र योजना निर्माण गरेर हामी अघि जानुछ। विगतका उपलब्धी जोगाउँदै हामीले यसलाई सम्बोधन गर्नुछ र सँगैमा नेपाल देशको नेतृत्व सबल ढंगले गर्ने गरी आफूलाई रुपान्तरण गर्नुछ। पार्टीको रिबिल्डिङ र रिब्रान्डिङ दुवै गरेर त्यह ी काँग्रेसलाई नयाँ बनाउनुछ। 'नवीन काँग्रेस/नवीन नेपालको उद्धोष गर्नुछ र संभव बनाउनुछ।

**नवीन काँग्रेस / नवीन नेपाल**

आशा टुट्यो र निराशा झ्याङ्गियो भने देश बन्दैन। थकित र निराश व्यक्तिले परिवार चलाउन सक्दैन। इँटा र रडले भन्दा पारिवारिक प्रेम र बिश्वासले बलियो हुन्छ घर। संरचनाको ब्यापकताले होइन, त्यसमा भरिएको उर्जाले बलियो हुन्छ संस्था। हामीसँग संरचना व्यापक बनेका छन्, तिनमा बदलिएको चुनौती सामना गर्ने प्राण भर्ने संकल्प बिशेष महाधिवेशनले गर्नुछ।

नेपाली काँग्रेसको शब्दकोषमा कोही वर्ग शत्रु छैन, लोकतान्त्रिक पद्धति बाहिर रहेकाहरुलाई पनि रुपान्तरित गर्दै पद्धतिभित्र ल्याउने भूमिकामा रह्यो काँग्रेस। देशको समुन्नतिका लागि सबै दल, सबै शक्ति र सबैथरि नेतृत्व हातेमालो गरेर अघि बढ्न सकिन्छ, बढ्नुपर्छ। देशको प्रतिकूलतालाई अनुकुलतामा बदलेर भविस्यको संभावना सबै मिलेर खोज्नुछ। यद्यपि हामी स्पष्ट छौं-निश्चित सैद्धान्तिक जग र नैतिक मूल्यमा उभिएर भविस्यको संभावना देख्न सक्ने र देखाउन सक्ने नेतृत्व र संस्थाले मात्रै देश बदल्न सक्दछ। आवेग र उत्तेजनाको बाटोबाट ब्यक्तिलाई क्षणिक जोड्न सकिन्छ, टिकाउ बनाउन सकिन्न। बिशेष महाधिवेशन नेपाली काँग्रेसलाई सदैव संयमित र सदैव जिम्मेवार राजनैतिक दलका रुपमा अग्रसर गराउने संकल्प गर्दछ।

जननायक वीपी कोइरालाले ०१५ सालको निर्वाचनअघि पार्टीको कमजोरी केलाउँदै देशभरका साथीहरूलाई ७ बुंदे पत्र पठाउनु भएको थियो । त्यो पत्र हामीले आजको मितिमा फेरि पढ्न र आत्मसात गर्न जरुरी छ, सो पत्रको दोस्रो बुँदामा वीपि भन्नुहुन्छ- ''हामी प्रत्येक प्रश्नमाथि आफ्नो व्यक्तिगत दृष्टिकोणले विचार गर्दछौं । हामी आफ्ना चाहना र बानीअनुसार राष्ट्रिय वा पार्टीका समस्याहरूको हल खोज्दछौं । आज देश बिषम परिस्थितिमा रहेका बेला वीपीले केलाउनु भएको यो कमजोरीबाट हामी जोगिएनौं भने हामी न पार्टीलाई ठिक ढंगले अघि बढाउन सक्छौं, न त देशलाई सहि नेतृत्व दिन सक्नेछौं ।

हामीले नेपाली समाजमा नवीन आशा ब्युँताउनु छ, आशालाई बलियो बनाएर विश्वासको दियो जलाउनु छ, त्यसका लागि हामीले बिधान, कार्यशैली र कार्यक्रम समयानुकूल परिमार्जन गरेर अघि बढ्नु छ।

**बिधानमा प्रतिनिधित्व सम्बन्धी केही नयाँ व्यवस्था**

**१) ४० बर्ष मुनिको प्रतिनिधित्व**

- केन्द्रीय कार्यसमितिमा ३० बर्षमुनिको २० र ३० कटेर ४० नकटेका २० गरी ४० जनाको प्रतिनिधित्व रहने।
- प्रदेश कार्यसमितिमा दुवै उमेर समुहको १०/१० जना।

- जिल्ला, संघीय क्षेत्र, प्रदेश सभा क्षेत्र, पालिका कार्यसमितिमा न्युनतम ६/६ जना ।
- वडा कार्यसमितिमा न्युनतम ४/४ जना सो उमेर समुहको रहने ।
- केन्द्र र प्रदेश महाधिवेशनका प्रतिनिधि हरेक निर्वाचन क्षेत्रबाट

(न्युनतम २ महिला र न्युनतम १ जना ३० बर्ष मुनिको पर्ने गरी जम्मा ४ जना प्रतिनिधि) ।

२) **बौद्धिक र व्यवसायिक क्षेत्रलाई ल्याट्रल इन्ट्री को उपयुक्त प्रक्रिया सम्बन्धि नयाँ व्यवस्था ।**

३) **बिदेशमा रहेका नेपालीबिचको समन्वय प्रभावकारीता बढाउन नयाँ ब्यवस्था ।**

क) **नेपाली जनसम्पर्क समितिको एक अन्तर्राष्ट्रिय संरचना बनाइनेछ ।**

(प्रत्येक देशका जनसम्पर्क समितिका वर्तमान र पुर्व अध्यक्ष जनसम्पर्क समितिको अन्तर्राष्ट्रिय परिषदका सदस्य हुनेछन् । परिषदले पुर्व अध्यक्षहरु मध्येबाट २७ सदस्यीय अन्तर्राष्ट्रिय जनसम्पर्क समिति गठन गर्नेछ)

**– अन्तर्राष्ट्रिय जनसम्पर्क समितिमा**

- अध्यक्ष - १
- उपाध्यक्ष - १ महिला
- उपाध्यक्ष - प्रत्येक महादेशबाट १/१ खुला
- महामन्त्री - १ महिला
- महामन्त्री - २ खुला
- सहमहामन्त्री - १ महिला
- सहमहामन्त्री - प्रत्येक महादेशबाट १/१ खुला
- कोषाध्यक्ष - अध्यक्षबाट मनोनीत

(कार्यसमितिको संख्या २७ मा नबढ्ने गरी अध्यक्षले थप सहमहामन्त्री चयन गर्नेछन्)

ख) पार्टीको महाधिवेशनमा हरेक देशबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरुले एक महादेश एक केन्द्रीय सदस्यको अवधारणा बमोजिम आआफ्नो महादेशबाट १ केन्द्रीय सदस्य चयन गर्नेछन् ।

ग) मध्यपूर्वलाई बिशेष व्यवस्था अन्तर्गत एक अलग केन्द्रीय सदस्य
(त्यहाँबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरुले चयन गर्नेछन्) ।

४) **पुर्व आप्रवासी नेपालीको सहभागिता सम्बन्धि व्यवस्था**

बिदेशमा एक दशक भन्दा बढी बसेर, महाधिवेशन भन्दा २ बर्ष अघि परिवार सहित देश फर्किएका पुर्व आप्रवासी नेपालीहरुको पार्टीमा प्रतिनिधित्व निम्नानुसार गराइने छ ।

- वडादेखि केन्द्रसम्म प्रत्येक तहमा न्यूनतम १ महिलासहित ३ जनाको सहभागिता गराइनेछ ।
- प्रदेश निर्वाचन क्षेत्रबाट निर्वाचित प्रतिनिधि मध्येबाट न्युनतम १ महिलासहित ३ जना पार्टीको प्रदेश कार्यसमितिमा निर्वाचित हुनेछन् ।
- संघीय क्षेत्रबाट निर्वाचित प्रतिनिधि मध्येबाट न्युनतम १ महिला सहित ३ जना पार्टीको केन्द्रीय कार्यसमितिमा निर्वाचित हुनेछन् ।

५) **भ्रातृ र शुभेच्छुक संस्थाबाट पार्टीको महाधिवेशनमा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट संस्थाको सिफारिसमा उम्मेदवार भएकाहरू बिच भ्रातृ र शुभेच्छुक संस्थाका महाधिवेशन प्रतिनिधिहरु मात्र मतदाता बन्ने गरि न्युनतम १ महिला सहित ३ जना केन्द्रीय सदस्य ।**

६) **जिल्ला कार्यसमिति र अन्य कार्यसमितिलाई छरितो बनाउने ब्यवहारिक विधि ।**

७) **बिधानसँग सम्बन्धित केही थप विषय**

क) प्रत्यक्ष या समानुपातिक प्रतिनिधित्वको निश्चित कार्यकाल
(एकपटक समानुपातिक/अन्तिम पटक समानुपातिक)

ख) नेपाली काँग्रेस जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका

ग) नेपाली काँग्रेस सामाजिक रुपान्तरण नेतृत्व निर्देशिका

८) **महाधिवेशन क्रममा पार्टीको केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यदेखि सबै तहकाले पार्टीको कृयाशिल सदस्यलेझैं पार्टीको तल्लो कमिटीबाट क्रमशः निर्वाचित भएर आउनुपर्ने छ ।**

(बिशेष महाधिवेशन हलको सुझाव बमोजिम यसलाई परिमार्जन गरिनेछ साथै बिधानमा थप नवीनता समाविष्ट गरिनेछ ।)

**१० बुँदे अभियान; जलवायु चेतनादेखि उधमसम्म**

नेपाली काँग्रेसले देश, समाज र नागरिकका मुद्दालाई आगामी दिनमा अझ व्यवस्थित रुपले सूत्रबद्ध गरेर कार्य गर्ने प्रतिबद्धता यो विशेष महाधिवेशन गर्दछ । तत्कालिन, अल्पकालिन र दीर्घकालिन रूपमा हामीले निरन्तर कार्य गर्नुछ र निरन्तर नागरिकको माझमा रहनुछ ।

हामीले चयन गर्ने मुद्दा केवल काँग्रेसको होईन, समग्र समाजको सरोकारको मुद्दा रहनेछ, हामी हाम्रो संगठन तिनै मुद्दाका लागि समर्पित गर्नेछौं ।

१) जलवायु जनचेतना
(पार्टी भित्र र बाहिरका पछिल्लो पुस्ताका साथ सहकार्य सहित अभियान)

२) प्रशासनिक ढिलासुस्ती निराकरण खोजी

पार्टीको राज्यप्रशासन विभाग । बिषय सम्बन्धित पार्टी निकट शुभेच्छुक संस्था । विज्ञ व्यक्तित्वहरु ।

३) सामाजिक विसंगति विरुद्ध सजगता,

*(पार्टीको सबै तहमा विभाग/ खासगरी महिला संघ / शिक्षक/प्राध्यापक/DLA/ प्रेस युनियन )*

४) वीमा ब्राण्डिङ

*(गाउँमा जनचेतना/प्रभावकारी अनुगमनका लागि पहल)*

*(पार्टीका स्थानीय समिति + स्थानीय तहको नेतृत्व)*

५) अनौपचारिक क्षेत्रका श्रमिक सम्पर्क, संवाद मुद्दा समाधान

*(पार्टी विभाग + ट्रेड युनियन)*

६) लागू पदार्थ विरुद्ध युवा अभियान

*(पार्टी + तरुण, विद्यार्थी र महिला संघ +स्थानीय तह + स्थानीय प्रशासन)*

७) स्वदेश फर्किएकालाई स्वदेशमै पुनर्स्थापित गर्ने योजना

*(पार्टी + विभाग + सरकार)*

८) भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्बासी समस्याको दीर्घकालिन हल

*(पार्टी + आयोग + स्थानीय तह)*

९) शैक्षिक क्षेत्र सुधार

*(शैक्षिक क्षेत्र सम्वंधित पार्टी संरचना एवं शैक्षिक प्रतिष्ठानहरुसँग सहकार्य)*

१०) पार्टी सदस्यको आत्मनिर्भर उधम अभियान

*(पार्टी + पार्टी सदस्य + उधम सम्बन्धि विज्ञ)*

**विगतका गल्ती यसरी सच्याउने संकल्प**

१) चुनाव हुने, नयाँ सरकार बन्ने तर प्रधानमन्त्री पुरानै हुने, डेढ दशक यता हामीले निरन्तर यो अभ्यास गर्दै आयौं । यसले एकातर्फ नागरिकमा असन्तुष्टि बढायो, नेतृत्वलाई अलोकप्रिय बनायो, अर्कातर्फ सार्थक परिणाम पनि दिन सकेन ।

*(बिगतको गल्ती सच्याउँदै यो बिशेष महाधिवेशन उद्घोष गर्दछ– नेपाली काँग्रेसको तर्फबाट भविष्यमा कोही पनि दुइपटक भन्दा बढी प्रधानमन्त्री बन्ने छैनन् । दुई पटक मात्रै प्रधानमन्त्रीको यो नीतिलाई नेपालको संविधानमा लिपिबद्द गर्न नेपाली काँग्रेसले अग्रसरता लिनेछ)*

२) बितेको तीन दशकमा सरकार पटकपटक अस्थिर हुँदा हामीले नीतिगत स्थिरताका लागि सार्थक पहल र सुनिश्चितता गर्न नसक्नु हाम्रो सामान्य गल्ती थिएन । जलविद्युत होस् या कृषि, भौतिक विकास होस् या निजिक्षेत्रलाई गर्ने ब्यवहार, जबजब सरकार बदलियो त्यसले सबै क्षेत्रलाई असर गऱ्यो ।

*(विगतको गल्ती सच्याउँदै यो विशेष महाधिवेशन संकल्प गर्दछ– देशलाई नीतिगत सुनिश्चितताका साथ अग्रगतिमा लग्न पहल र नेतृत्व गर्नेछौं)*

३) चुनावी गठबन्धन नेपाली राजनीतिमा मतदाताको स्वतन्त्र विवेक एवं पार्टी सदस्यको सम्मानलाई असर पुऱ्याएको एक अध्याय थियो । यही आत्मसमिक्षा साथ गोदावरीमा सम्पन्न पछिल्लो महासमिति बैठकले आगामी चुनावमा एक्लै प्रतिष्पर्धा गर्ने निर्णय गरेको थियो ।

*(बिगतको गल्ती सच्याउँदै महासमितिको त्यो निर्णय स्मरण गर्दै यो बिशेष महाधिवेशन आगामी निर्वाचनमा कुनै पनि दलसँग गठबन्धन नगरी एक्लै प्रतिस्पर्धा गर्ने निर्णय गर्दछ )*

४) राष्ट्रको बजेट निर्माण गर्दा कतिपय प्रभावशाली नेताहरूको निर्वाचन क्षेत्रमा बढी बजेट खन्याइने र कतिपय क्षेत्रमा भने सांसदको प्रभाव नपुग्दा तुलनात्मक रुपले न्यून बजेट परेको गुनासो संसदमा पटकपटक सुनिएका छन् । नागरिकमा निरंतरता असन्तोष जन्माउने यो प्रवृत्ति देशको ढुकुटीप्रतिको खेलबाड पनि हो ।

*(यो विशेष महाधिवेशन यस्तो प्रवृत्ति सम्पुर्ण नियन्त्रण गर्ने संकल्प गर्दै समन्यायिक विकासको अवधारणा मर्यादित ढंगले अवलम्बन गर्ने निर्णय गर्दछ)*

५) बितेका केही दशकमा विकासका कतिपय परियोजना लहडका भरमा अघि बढाइएको देखिन्छ । प्राविधिक रूपमा सम्भाव्य छ भनेर हेरिरहँदा, आर्थिक रूपमा टिकाउ छ कि छैन भनेर गम्भीर परीक्षण नगरिँदा देश ऋणको पासोमा पर्ने खतरा रहन्छ ।

*(बिगतका यस्ता गम्भीर गल्ती केलाउँदै लहडका परियोजना नबढाउने, कुनै पनि महत्वपूर्ण प्रस्तावलाई विज्ञ दृष्टिको संलग्नताबाट भायबल रहे–नरहेको परिक्षण र आवश्यकता पर्दा संसदीय छलफलबाट मात्रै अघि बढाउने निर्णय यो बिशेष महाधिवेशन गर्दछ)*

६) पुँजीगत बजेट खर्चको क्षमता सबल ढंगले बढ्न नसकेको अवस्थालाई संतोषजनक सुधार गर्न नसक्नु हाम्रो शासकीय गल्ती प्रमाणित भएको छ ।

*(भौतिक पूर्वाधार निर्माण कार्य ३ सिफ्टमा गर्न आवश्यक कानुनी एवं व्यवहारिक बन्दोबस्त मिलाउन पहल गर्ने,असारे विकास रोक्ने र विकासका कार्यमा तीन तहका सरकारबीच काम बाँडफाँडको सन्तुलन मिलाउने संकल्प र प्रतिबद्धता यो बिशेष महाधिवेशन गर्दछ) ।*

७) गैह्र आवासीय नेपाली नागरिकले देशको विकासमा योगदान गर्न अपेक्षा गरेको नागरिकता, मतदानको अधिकार र लगानी सहजीकरणको विषयलाई उपयुक्त सम्बोधन गर्न विगतमा कमजोरी, गल्ती र ढिलाइ भएको छ।

***(यो आत्मसाथ गर्दै संविधानको भावना र सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिमको बन्दोबस्त मिलाउन सहजीकरण, दबाब र नेतृत्वको भूमिका निभाउने संकल्प यो बिशेष महाधिवेशन गर्दछ)***

८) बुढीगण्डकी परियोजना निर्माणका लागि रेडि टु टेक अफ स्थितिमा छ। फेवातालभन्दा १५ गुणा ठूलो ताल बन्ने, १२ सय मेगावाटको बिधुत उत्पादन हुने, नेप्लिज फल्स निर्माण गरेर पर्यटनलाई बल पुग्ने, बगेको पानी चितवनमा संकलन गरेर मधेसको पिउने पानी, सिंचाइ र सुख्खा समस्या हल हुने यस्तो परियोजना निर्माण शुरु गरेर नागरिकमा आशा जगाउन ढिलाइ गर्नु हाम्रो गल्ती थियो। सुशासनको अभाव र हाम्रो शासकीय कमजोरीले यसको लगानी सुनिस्चितता हुन नसकेको निर्विवाद छ।

***(विशेष महाधिवेशन सरकार, डायस्पोरामा रहेका गैह्र आवासीय नेपाली अनि निजिक्षेत्र (GDPP model) गांसेर यो परियोजनामा अघि बढाउन आगामी सरकार र संसदलाई अपील गर्दछ)***

९) विभिन्न राजनैतिक नियुक्ति गरिँदा बिषयगत योग्यता मापनमा चुक्ने अनि व्यक्तिको नैतिक पृष्ठभुमि परिक्षणमा सतर्कता नराख्ने कार्य विगतमा पटकपटक भएको छ। त्यसले संस्थाको गरिमा र डेलिभरी क्षमता दुवैमा आघात पुऱ्याएको छ।

***(इमानदारी, नैतिकता र चरित्रको मापन गर्ने Integrity Vetting System अनुरुप ट्र्याक रेकर्ड हेरेर मात्रै चयन गर्ने पद्धति बसाउने निर्णय यो बिशेष महाधिवेशन गर्दछ)***

१०) विश्वविद्यालयको उपकुलपति, रेक्टर या रजिस्ट्रार जस्तो जिम्मेवार नेतृत्वको चयन राजनैतिक भागबन्डाका आधारमा गरिए। संवैधानिक नियुक्तिमा समेत भागबन्डाको दुःखद खबर देशले सुन्नुपऱ्यो। देशको प्रतिनिधित्व गरेर राजदुतको जिम्मेवारी सम्हाल्न कुटनैतिक ज्ञान र समन्वय दक्षता भएका सुयोग्य व्यक्तित्व कयौं हुँदाहुँदै भागबन्डाको प्रवृत्ति यसमा पनि प्रवेश भयो। यो सर्वथा गल्ती थियो।

***(विगतका यस्ता गम्भीर गल्ती सच्याउँदै विशिष्ट नेतृत्व चयनमा बिशिस्ट योग्यता मापन गर्ने मर्यादित मापदण्डको विकास हामी गर्नेछौं)***

११) शिक्षा विधेयक ल्याउन ढिलाइ गरिएको गल्तीले समग्रमा शैक्षिक क्षेत्रमा मनोबैज्ञानिक असर र ब्यवहारिक चुनौती बढेको छ। विधेयक माग गरेर आन्दोलन गर्नुपर्ने अवस्था आउनु हामी सबैको गल्ती थियो।

***(आगामी संसदको पहिलो सेसनबाट नै शिक्षा विधेयकलाई शिक्षक महासंघ र अन्य सरोकारवालाहरुसँगको सम्झौताको जगमा पारित गर्नेगरी पहलकदमी गर्ने निर्णय यो बिशेष महाधिवेशन गर्दछ)।***

१२) शैक्षिक स्थलमा बाहुबल प्रयोगको गलत प्रवृत्ति बितेको दशकमा बढेर गएको छ। विपि कोइराला भन्नुहुन्थ्यो शैक्षिक स्थल बाहुबलको प्रयोग गर्ने थलो होइन। यो मान्यता बलियो रुपमा स्थापित गर्न सकिएको छैन ि कतिपय शैक्षिक प्रतिस्ठानहरुमा बेलाबखत बाहुबली प्रवृत्ति प्रकट भएको छ।

***(यो विसंगति कडाका साथ सच्याउन सबैलाई अपीलगर्दै पार्टी निकटका कुनैपनी विद्यार्थीले कहिँ पनि त्यस्तो दुर्व्यवहारको अराजक गतिविधि गरे तत्कालै सदस्यताबाट मुक्त हुने प्रक्रिया तय गर्ने उद्घोष बिशेष महाधिवेशन गर्दछ)***

१३) राजनीतिमा स्वच्छ ट्र्याक रेकर्ड रहेका व्यक्तिहरुलाई प्रोत्साहित र प्रबल बनाउँदा त्यसले समग्र राजनीतिको छविलाई बल पुग्ने हुन्छ। तर सामाजिक विसंगतिमा सरिक रहेकाले पनि राजनीतिका विभिन्न जिम्मेवारी सम्हालेका विवरण यदाकदा सार्वजनिक भएका छन्।

***(काँग्रेसको कोहिपनी सदस्य जातीय विभेद, घरेलु हिंसा, बाल श्रम लगायतका सामाजिक विसंगतिमा संलग्न प्रमाणित हुनासाथ निजको पार्टी सदस्यता नरहने प्रावधान कडाइका साथ कार्यान्वियन गर्ने निर्णय बिशेष महाधिवेशन गर्दछ)।***

१४) नागरिक पंक्तिमा सदैव रहिआएको एक असन्तुष्टि छ, सरकारी प्रशासनका कतिपय कार्यालयमा सेवा लिन जाँदा जहिल्यै पनि यो या त्यो झन्झट ब्यहोर्नुपर्ने हुन्छ। त्यस्तो झन्झट ब्यहोर्नुपर्दा त्यो सेवाग्राहीले निरन्तर दल या सरकारसँग असन्तुष्टि राख्दै आयो, अत त्यसलाई अविलम्ब हलमा पुऱ्याउनुपर्छ भन्ने गम्भीर पहलकदमी हामीबाट हुनसकेन। यो हाम्रो गल्ती थियो।

***(प्रशासनिक ढिलासुस्ती अन्त्य गर्न आवश्यक ब्यवहारिक बन्दोबस्त मिलाउने दृष्टि र योजना तर्जुमा गरेर त्यसलाई उत्प्रेरणा साथ कार्यान्वियनमा लग्ने संकल्प यो विशेष महाधिवेशन गर्दछ)।***

१५) श्रमिक क्षेत्रले न्युनतम ज्याला पाउन पनि संघर्ष गर्नुपर्ने स्थिति रहिआयो। अनौपचारिक क्षेत्रका श्रमिक योगदानमा आधारित सुरक्षाको दायरा बाहिरै रहे। अनिश्चित श्रम र अनिश्चित जिन्दगीको तिनको यात्रा निरन्तर कष्टकर रह्यो। यस्तो स्थितिको समुल समाधान नपहिल्याउनु हाम्रो गल्ती थियो।

***(विशेष महाधिवेशन संकल्प गर्दछ– श्रमिक आवद्ध संस्थाहरुको साझा दृस्टी गाँस्दै नेपाल ट्रेड युनियन काँग्रेससँगको सहकार्यमा नेपाली काँग्रेसले यसको हलका लागि पहल, नेतृत्व र निरुपण गर्ने/गराउनेछ)।***

१६) जनप्रतिनिधित्वमा नातावाद झल्किएको खासगरी एकाघरका सदस्य (मुलत

श्रीमान/श्रीमती) एकैपटक एउटै तहको जनप्रतिनिधि बनेको विषय नागरिक पंक्तिमा आलोचित र अलोकप्रिय बनेको थियो ।

***(गोदावरी महासमितिले बैठकबाट पारित राजनैतिक दस्तावेजमा उल्लेखित सन्दर्भ स्मरण गर्दै यो बिशेष महाधिवेशन त्यसलाई कडाइका साथ अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछ) ।***

१७) पार्टी भित्रको आन्तरिक सुशासनमा प्राय प्रश्न उठ्ने गरेको बिषय हो- पार्टीका उम्मेदवारहरु चयनमा रहेको परम्परागत प्रणाली । हामीले उम्मेदवार चयनका लागि लोकप्रियता, योग्यता र न्यायको मिश्रण सहितको नयाँ पद्धति विकास गर्न सकेका छैनौं ।

***(प्राइमरी निर्वाचनमा पाइलट प्रोजेक्ट हुँदै क्रमशः पुग्ने गोदावरी महासमितिबाट पारित यो जनालाई कार्यान्वयनमा लग्ने प्रतिबद्धता गर्दछ यो बिशेष महाधिवेशन) ।***

१८) पार्टीको केन्द्रदेखि वडा-टोलसम्मका पदाधिकारी या सदस्य एवं पार्टीका तर्फबाट विभिन्न तहमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरुको कार्यशैलीले सुशासनलाई कत्तिको बढावा दिएको छ या असर पुऱ्याएको छ, त्यसको अनुगमन गर्ने पद्धतिको विकास नगर्नु विगतको हाम्रो गल्ती मध्ये एक थियो ।

***(सो प्रयोजनका लागि आन्तरिक सुशासन आयोग गठन गर्ने निर्णय यो बिशेष महाधिवेशन गर्दछ । आयोगको कार्यविधि केन्द्रीय कार्यालयले निर्धारण गर्नेछ) ।***

**अत्यमा फेरि दोहोऱ्याउँ –**

हामी जान्दछौं जो बदलिन सक्छ, उसैले बदल्न सक्छ । देशको समयलाई कुनैबेला काँग्रेसले आफूअनुकुल बदलेको थियो, आज बदलिएको समय अनुकुल काँग्रेसले आफुलाई बदल्नुछ ।

हामी बदलिन सक्छौं, बदल्न सक्छौं, काँग्रेसलाई रिबिल्डिङ र रिब्रान्डिङ गर्नेछौं । सद्भाव, सुशासन र समुन्नतिको यात्रामा हामी सबैको साथ चाहन्छौं, हामी समस्त नेपालीको जय चाहन्छौं ।

**जय नेपाल** !

**२७ र २८ पौष २०८२**

